"हरित नगर,समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल
☎०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प०सं०
च०नं० ८६२

मितिः२०७६/०५/१०

**बिषयः स्यालो ट्युवेल जडान सम्बन्धि सुचना बारेमा।**

श्री वडा कार्यालय सवै ,
दमक नगरपालिका, झापा ।

प्रस्तुत बिषयमा कृषि ज्ञान केन्द्र, झापा को च.नं.७९, मिति २०७६/०४/०५ को प्राप्त पत्र अनुसार कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र,नक्टाझिज धनुषाको यस चालु आ.व.२०७६/०७७ को कार्यक्रममा **स्यालो ट्युवेल जडान सम्बन्धि कार्यक्रम** रहेको हुनाले सो सम्बन्धि सुचना यसै पत्र साथ पठाईएको छ।वा मिति२०७६/०४/२९ को गोरखापत्र राष्ट्रिय दैनिक मा सुचना प्रकासित भएको छ ।यस दमक नगर क्षेत्रका आ-आफ्नो वडाका सरोकारवाला कृषक समुह तथा सहकारीहरु लाई कार्यक्रमको बारेमा जानकारी गराई यथा शिध्र कृषि ज्ञान केन्द्र, झापा वा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र,नक्टाझिज धनुषामा आवश्यक प्रकृयाका साथ निवेदन दिनु हुन समेत जानकारीकालागी अनुरोध छ ।

२०७६।५।१०
.....................
गणेश प्रासद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

गणेशप्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

# कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नक्टाझिज, धनुषा

गोरखापत्र राष्ट्रिय दैनिकको मिति २०७६। ४।२९ को अंकमा प्रकाशित सूचना।

## स्यालो ट्यूबवेल जडान सम्बन्धी सूचना

प्रकाशित मिति: २०७६/४/२९

यस कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको आ.व. २०७६/२०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक समूह/कृषि सहकारी/कृषि उधमीहरुलाई ट्यूबवेल जडान (सान सिंचाई) कार्यक्रम संचालनका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा प्रति ट्यूबवेल रु. १००। अक्षरेपी एक सय मात्र (पछि फिर्ता नहुने गरि) नगद रसिद सहितको फारम बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । स्यालो ट्यूबवेल जडान माग फारम कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिज, धनुषा र सम्बन्धित कृषि ज्ञान केन्द्रबाट प्रति ट्यूबवेल रु. १००। अक्षरेपी एक सय मात्र (पछि फिर्ता नहुने गरि) र रु.१०। को टिकट टास गरी पेश गरेको निवेदनको आधारमा उपलब्ध हुनेछ ।

(क) स्यालो ट्यूबवेल (साना सिंचाई) जडान हुने कार्यक्रम तथा जिल्लाहरु

| कार्यक्रम | कार्यक्रम संचालन हुने जिल्लाहरु |
|---|---|
| खाद्यान्य, तरकारी, फलफूल, नगदेबाली, तथा मत्स्य उत्पादन कार्यक्रम | झापा-४०, मोरङ-४०, सुनसरी-१००, सप्तरी-५०, सिरहा-५०, धनुषा-५०, महोत्तरी-४०, सर्लाही-४०, रौतहट-५०, बारा-४०, पर्सा-४०, चितवन-५०, नवलपरासी (ब.सु.प.)-४०, रुपन्देही-४०, कपिलबस्तु-१००, बाँके-४०, बार्दिया-३०, कैलालि-३० र कंचनपुर-३०, |

(ख) स्यालो ट्यूबवेल प्रदान गरिने आधारहरु: कृषक समूह/कृषि सहकारि/ कृषि उधमि (फर्म दर्ता व्यवसाय संञ्चालन गरेका) मार्फत स्यालो ट्यूबवेल जडान गरिनेछ ।

१. दर्ता भएका कृषक समूह/कृषि सहकारि/ कृषि उधमिको नाममा रहेको बैंकको खाताको चेकबुक पाना एक (क्यान्सिल लेखिएको)
२. दर्ता भएका कृषक समूह/कृषि सहकारि/ कृषि उधमिको नाममा रहेको बैंकको खाताको चेकबुक पाना एक (क्यान्सिल लेखिएको) अनिवार्य निवेदन साथ पेश गर्नु पर्नेछ सो नभएको खण्डमा निवेदनले प्राथमिकता पाउने छैन साथै समूहको पान नं. सम्झौताको मिति सम्म अनिवार्य पेश गर्नुपर्नेछ ।
३. एउटै क्लस्टरमा कम्तीमा ४ विघा जग्गा भएका समूहलाई एक थान स्यालो ट्यूबवेल प्रदान गरिनेछ ।
४. कृषकहरुको एउटै क्लस्टरमा २० विघा सम्म जग्गा भएका समूहलाइ प्राथमिकताको आधारमा बढीमा पाँच थान सम्म स्यलो ट्यूबवेल उपलब्ध गराउन सकिनेछ ।
५. एक थान स्यालो ट्युबवेल जडानको लागि एउटा माग फारम निवेदन अनिवार्य भर्नु पर्ने छ । उदाहरणको लागि पाँच थान स्यालो ट्युबवेल जडानको लागि पाँच थान माग फारम निवेदन भर्नु पर्ने छ ।
६. स्यालो ट्यूबवेलको लागि सभाव्य र उपयूक्त जग्गा भई सिंचाइका अन्य श्रोत नभएको क्षेत्रमा प्राथमिकता दिईनेछ ।
७. खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली तथा मत्स्य उत्पादन कार्यक्रम संचालन गर्ने समूहलाई प्राथमिकता दिईनेछ ।
८. दलित/महिला/मुक्त कमैया/सिमान्त कृषक/ सामाजिक रुपमा पछाडी परेका युवा तथा अन्य विपन्न वर्ग लगायत बाढी,खडेरी तथा अन्य दैवी प्रकोप आदिले क्षति पुर्याएका कृषक समूहलाई प्राथमिकता दिईनेछ ।
९. योजना स्वीकृत भएपछि न्यूनतम १५ प्रतिशत जनसहभागिताबापतको रकम कृषक समूहबाट व्यहोर्नु पर्नेछ ।
१०. कृषक समूह/कृषि सहकारि/ कृषि उधमिको नेपाल राष्ट्र बैंकद्वारा जमानत प्राप्त वाणिज्य बैंकहरुमा समूहको खाता हुनु पर्नेछ ।
११. योजना स्वीकृत भएपछि स्यालो ट्यूबवेल र पम्प/मोटर जडान बापत जनसहभागिता रकम रु.१२०००। (बाह्र हजार) सम्झौता गर्ने समयमा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा गरीएको जनसहभागिता रकम उपरोक्त सम्बन्धित काममै खर्च गरिनेछ एवं स्यालो ट्यूबवेल जडानको काम ४० देखि १०० फिट (यू.पि.भि.सि. पाइप मात्र ) सम्मको खर्च नियमानुसार यस केन्द्रले व्यहोर्ने र सो भन्दा माथिको खर्च सम्बन्धि पक्ष स्वयमले व्यहोर्नु पर्ने छ ।
१२. अन्य व्यवस्था नेपाल सरकारको प्रचलित नियम कानुन बमोजिम हुनेछ ।
१३. आ.व.०७४/०७५ र आ.व. ०७५/०७६ मा यस केन्द्र बाट वा कृषिको अन्य इकाइबाट स्यलो ट्युबवेल स्वीकृत भई जडान भैइसकेको कृषि समूह/कृषि सहकारी/कृषि उद्यमिलाई यस आ.व. ०७६/०७७ मा समावेश गरिने छैन ।

ग) संलग्न गर्नु पर्ने कागजातहरु:

१. उपभोक्ता कृषकको निवेदन र माग फारम ।
२. स्यलो ट्यूबवेल मागका सम्बन्धमा कृषक समूह/कृषि सहकारी/कृषि उद्यमिको निर्णयको प्रतिलिपि ।
३. कृषक समूह/कृषि सहकारी/ कृषि उद्यमीको दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

नोट: विस्तृत जानकारीको लागि कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिज, धनुषा, फोन नं. ९८६४२०८२१७/९८५४०३०३३७ मा सम्पर्क राख वा वेवसाइड www.ampcnaktajhij.gov.np मा हेर्न सकिने छ ।